# विकासका लागि रेडियो र इन्टरनेटको मेल

– विनयकुमार कसजू

रेडियो अर्थात् एक ठाउँबाट प्रसारण भएको ध्वनि अनगिन्ती रेडियो यन्त्रमा सुन्न सकिने प्रविधि र इन्टरनेट अर्थात् दूरसंचार र कम्प्युटरबाट कुनै पनि विषयवस्तु अक्षर, आवाज, चित्र, चलचित्रका रूपमा एक ठाउँबाट अनगिन्ती ठाउँमा पठाउन सकिने र त्यस्तै गरी विश्वभरीका कम्प्युटरबाट पठाएका कुरा पाउन, भण्डार गरेर राख्न, प्रशोधन गर्न र पुनः प्रसार गर्न सकिने आधुनिक प्रविधि – यी दुईको मेल भयो भने नयाँनयाँ चमत्कारिक उपयोग गर्न सकिन्छ । यो चमत्कार चन्द्रमामा मानिस पठाउने खालको चमत्कार होइन । गाउँ र गरिबीलाई उकास्ने चमत्कार हो यो । यसैले विभिन्न राष्ट्रहरू, अन्तर्राष्ट्रिय निकायहरू र परोपकारी संस्थाहरू नयाँ सूचना प्रविधिलाई विश्वलाई गरिबीको दुष्चक्रबाट मुक्त गर्ने लोककल्याणकारी काममा लगाउन जुटेका छन् ।

सय वर्ष भन्दा पहिले आविष्कार भएको रेडियो प्रसारण प्रविधि र डेढ दशकअघि मात्रै सुरु भएको इन्टरनेट प्रविधिबीच धेरै कुरामा भिन्नता छ । इन्टरनेटका कतिपय चरित्र र गुण रेडियोसँग दाँज्न पनि सकिन्न । तर रेडियोलाई इन्टरनेटसँग जोड्न सक्यो भने मात्रै इन्टरनेटका फाइदाहरू गाउँ र गरिबसम्म पुर्‍याउन सकिन्छ भन्ने निष्कर्ष संचारविदहरूले निकालेका छन् । यसका धेरै कारण छन् ।

अहिलेको युगमा विकासको आधार र शक्ति सूचना र ज्ञान नै हो । सूचना र ज्ञान प्राप्त, प्रशोधन र प्रसार गर्न इन्टरनेट सबैभन्दा छिटो, सस्तो, प्रभावकारी र उदार/लोकतान्त्रिक माध्यम हो । यो माध्यमको प्रयोग सबैभन्दा धेरै अमेरिका र युरोपका मानिसहरूले गरिरहका छन् भने सबैभन्दा कम अफ्रिका र एशियाका मानिसहरूले गरिरहका छन् । अमेरिकाका ६० प्रतिशत प्रौढहरू इन्टरनेटको पहुँचमा छन् भने अफ्रिकाका एक प्रतिशतजति मानिस मात्रै इन्टरनेटको पहुँचमा छन् । नेपालमा पनि इन्टरनेट प्रयोग गर्ने जनसंख्या एकप्रतिशतको हाराहारीमा भएको अडकल छ । यसको मतलब अमेरिका र युरोपको विकासको गति अफ्रिका र एशियाको तुलनामा अझै द्रुत हुनेछ जसले गर्दा आर्थिक विकासको खाडल झन धेरै बढ्ने छ ।

सूचना र ज्ञानको खाडल, जसलाई डिजिटल डिभाइड भन्ने गरिन्छ, साँगुरो नपारी विकासको खाडल पुर्न सकिन्न । यसका लागि विपन्न देशका मानिसहरूले इन्टरनेटजस्तो सूचना र ज्ञानको साधनको अधिकतम सदुपयोग गर्नुपर्छ । तर अहिलेको आर्थिक, सामाजिक, शैक्षिक परिवेशमा विपन्न देशका मानिसले इन्टरनेट प्रयोग गर्नका लागि धेरै बाधा छन् ।

पहिलो बाधा इन्टरनेट र कम्प्युटरको पहुँच र प्रयोगनै हो । त्यसपछिको बाधा अशिक्षा र निरक्षरता हो । अहिले पनि विश्वका एक अरब मानिस र आधा नेपाली निरक्षर नै छन् । इन्टरनेट/वेबसाइटमा भएका अधिकांश सामग्री बुझ्न साक्षर नभई हुँदैन ।

पढन जाने पनि अंग्रेजी भाषा बुझ्न सकेन भने सैकडा नब्बे जति इन्टरनेटका सामग्री कालो अक्षर भैँसी बराबर भनेझैँ हुन्छ । संसारमा छ हजारजति भाषा प्रचलनमा छ । तीमध्ये २० प्रतिशत भाषाका कुनै पनि सामग्री इन्टरनेटमा छैन । इन्टरनेटको उपयोग गर्न नसक्नुमा भाषा तेस्रो प्रमुख व्यवधान हो ।

इन्टरनेटमा पहुँच, साक्षरता र भाषाजस्ता प्रमुख बाधाहरू पार गरेपछि पनि आफूलाई चाहिने स्थानीय, सान्दर्भिक र उपयोगी विषयवस्तु इन्टरनेटमा नहुनु अर्को, चौथो बाधा हो । वेबसाइटहरूमा अमेरिकी र युरोपेली समाज, संस्कृति अनुकूल शिक्षा, सूचना र मनोरंजनका थुप्रै सामग्री छन् । तर नेपालजस्तो विकासशील देशको आवश्यकता पूरा गर्ने कृषि, स्वास्थ्य, सीप र क्षमता विकास आदि विषयका सूचना र ज्ञानका सामग्रीहरूको अभाव छ । आफूलाई चाहिने स्थानीय सूचना, ज्ञानका सामग्रीहरू वेबसाइटमा पाइएन भने मानिसले इन्टरनेटमा पहुँच भएर पनि उपयोग गर्दैनन् ।

माथि उल्लेख गरिएका बाधाहरू फुकाउन अर्थात् इन्टरनेटमा पहुँच बढाउन, मानिसलाई साक्षर बनाउन, अंग्रेजी भाषा सिकाउन अनि स्थानीय विषयवस्तु इन्टरनेटमा राख्न धेरै वर्ष लाग्छ । एकातिर विकासको लागि सूचना र ज्ञान नभई भएको छैन र इन्टरनेले यसको लागि सबैभन्दा उपयुक्त र प्रभावकारी साधन हो भने अर्कोतिर मानिसलाई यसको उपयोग गर्नसक्ने अवस्थामा पुर्‍यान बर्षौंको समय र साधनको खर्च लाग्छ । यस्तो अवस्थामा बीचको बाटो के हुन सक्छ ?

सूचना प्रविधिविज्ञ रिचार्ड हिकको विचारमा इन्टरनेटको पहुँच, प्रयोग र उपयोगिता जनतामा पुर्‍याउन बीचमा बसेर काम गर्ने स्थानीय मध्यस्थकर्मीहरू (इन्टरमिडियरी) को आवश्यकता हुन्छ । हरेक घरमा टेलिफोन नपुगेको अवस्थामा टेलिफोन बुथले मध्यस्थकर्मी भएर टेलिफोन सेवा पुर्‍याएझैं इन्टरनेटलाई विकासशील देशमा जनताको लागि उपयोगी बनाउनका लागि धरै प्रकारका मध्यस्थकर्मीहरूको चाहिन्छन् । ती मध्ये रेडियो सबैभन्दा उपयोगी, सस्तो, सजिलो, छिटो र सर्वसुलभ मध्यस्थकर्मी हुन सक्छ । इन्टरनेटमा भएका सूचना र ज्ञानका कुरा रेडियोले स्थानीय भाषामा, स्थानीय संस्कृति र परम्पराअनुकूल बनाएर, स्थानीय सन्दर्भ र उपयोगको आधारमा रेडियो कार्यक्रम बनाएर प्रसार गर्दा जनताको चेतना, शिक्षा र प्रेरणाको स्तर बढेका धेरै उदाहरणहरू पाउन सकिन्छ ।

सय वर्षको इतिहास पूरा गरेको रेडियो अहिले पनि आमजनतामा पहुँचको दृष्टिले सबैभन्दा अगाडि र सर्वव्यापक नै छ भने पनि हुन्छ । नेपालको भौगोलिक अवस्था, यातायातको असुविधा, क्रयशक्तिको अभाव, असाक्षरता, भाषिक, सांस्कृतिक तथा सामाजिक विविधता इत्यादि अनेकौं कारणले गर्दा सूचना र ज्ञानको लागि रेडियो नै नेपालको सबैभन्दा प्रभावकारी आमसंचार माध्यम भएको छ । त्यसमाथि अहिले खुलेका अढाइ सयभन्दा धेरै रेडियो स्टेसनहरूले विविध भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक समुदायका लागि सान्दर्भिक र उपयोगी विषयवस्तु प्रसार गरिरहेका छन् ।

रेडियोको एकतर्फी र परम्परगत कार्यक्रमको ढाँचालाई छाडेर केही स्टेसनले टेलिफोन, खासगरी मोबाइल फोनसँग रेडियोको मेल गराएर आमनागरिकलाई विभिन्न प्रकारका सेवा उपलब्ध गराउन थालेका छन् । उदाहरणका लागि मोबाइल फोनबाट स्थानीय समाचार, कृषि उत्पादन, बजार भाउ, गाउँलेलाई चाहिने बजारको समाचार र बजारलाई चाहिने गाउँको समाचार प्रसार गर्ने, स्रोताहरूको जिज्ञासा मेटाउने, कुनै विषयमा श्रोताको अभिमत लिने, गीतसंगीतको फर्माइस पूरा गर्ने जस्ता अनकौं काम गरिरहेका छन् । केही सामुदायिक रेडियोले गाउँका बनउपभोक्ताका बैठक, रक्तदान, दुर्घटनामा घाइतेको सेवा, विकास निर्माण तथा सामाजिक काममा जनसहभागिता जुटाउने साथै गाउँ समुदायको दैनिक जीवनमा सहभागी भएर सक्रिय र उदाहरणीय काम गरिरहका छन् ।

वास्तवमा गाउँ र समुदायको विकास कार्यमा मात्र होइन उपेक्षित अपहेलित वर्ग, समुदाय र क्षेत्रको उत्थानमा पनि रेडियोले भूमिका खेलिरहेको छ । रेडियोमा आएको नयाँ पुस्ताले इन्टरनेटसँग रेडियोको मेल गराएर समाजको लोकतन्त्रीकरण र विकासमा अझै प्रभावकारी भूमिका खेल्न सक्छ । यो भूमिका खेल्नका लागि रेडियोका केही अन्तर्निहित गुणहरूको सदुपयोग गर्नु आवश्यक छ ।

रेडियोको सबैभन्दा उपयोगी गुण त यसको व्यापकता नै हो । रेडियो तरंग सर्वत्र व्याप्त छ । साथै रेडियो तरंगलाई टिपेर ध्वनिमा बदल्ने रेडियो यन्त्र सर्वसुलभ र सस्तो पनि छ । यो गुणले गर्दा धनी गरिब, पहाड, हिमाल, महल छाप्रो, बनकन्दरा र बाक्लो बस्ती जहाँ बसेर पनि रेडियो सुन्न सकिन्छ ।

अर्को महत्वपूर्ण गुण यसको स्थानीयपन हो । अर्थात् यसले कुनै पनि भाषा, धर्म, जातजाति, वर्ग, समुदायका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयवस्तु समेट्न सक्छ ।

रेडियोले प्रसार गरको कुरा बुझ्न, रेडियोमा बोल्न जसले पनि सक्छ । यसको लागि अक्षर चिन्नु वा विशेष शिक्षा हासिल गर्नु पर्ने जरुरी छैन । कान सुन्ने प्रत्येक व्यक्तिले यसको उपयोग गर्नसक्छ । यस्तो गुण अरू कुनै आमसंचार माध्यममा पाइन्न ।

माथि उल्लेख गरिएका रेडियोका गुणहरूभन्दा अलि भिन्न गुण र नयाँ पुस्ताका रेडियो संचालकहरूले थपेको गुण हो यसको सामाजिक अन्तर्क्रिया गर्ने गुण । समाज वा समुदायसँग चासो राख्ने कुनै पनि विषयमा रेडियोले समुदायका विभिन्न तहका सदस्यहरूसँग व्यापक रूपमा छलफल चलाएर कुनै पनि विषयको विश्लेषण गर्न र निर्णयमा पुग्न प्रभावकारी भूमिका खेल्न सक्छ । इन्टरनेटले विश्वस्तरमा छलफल चलाउन सक्छ भने रेडियोले स्थानीय रूपमा । दुबैको मेल गराउन सकियो भने छलफलको क्षेत्र र प्रभाव धेरै गुना बढाउन सिकन्छ । लोकतन्त्र र विकासका लागि दुई प्रविधिको मेलले गर्न सक्ने यो अत्यन्तै महत्वपूर्ण योगदान हो ।

रेडियो र इन्टरनेटको मेलका धेरै फाइदा छन् । विकासशील देशका जनतालाई उपयोगी हुने विषयमा हजारौं पेज सामग्री इन्टरनेटमा पाइन्छ तर माथि उल्लिखित समस्याहरूले गर्दा आमजनताले त्यसको फाइदा लिन सक्तैनन् । यसैले इन्टरनेटमा भएका विषयहरू रेडियोले जनताले बुझ्ने सरल र अनुकूल भाषा शैलीमा प्रसार गरेर इन्टरनेटमा भएका सामग्री रेडियोका श्रोताले पनि उपयोग गर्न सक्छन् । अहिले पनि कतिपय रेडियो स्टेसनले विदेशमा बस्ने नेपालीले इमेलबाट पठाएका र इन्टरनेटमा भएका स्थानीय महत्वका सामग्री प्रसार गर्न थालेका छन् । आफ्नो गाउँ र परिवारसँग सम्पर्क गर्न पनि यसको उपयोग भइरहको छ । अमेरिकामा बस्ने नेपालीहरूले रेडियो दोभान र हिमाली स्वरहरू नामक साप्ताहिक रेडियो कार्यक्रम फाइलको रूपमा वेबसाइटमा राखेका छन् । ती ध्वनि फाइल विश्वभरि र हप्ताभरिमा जहिले पनि सुन्न सकिन्छ । रेडियोमा झैं प्रसारण भैरहेको बेलामा मात्रै सुन्नु पर्ने वाध्यता हुँदैन । बीबीसीको नेपाली कार्यक्रम पनि यस्तै हो । कार्यक्रम छुट्यो भनेर चिन्ता मान्नु पर्दैन । इन्टरनेटबाट चौबिस घन्टाभित्र जहिले सुने पनि हुन्छ ।

रेडियोको उपयोगिता बढानउका लागि इन्टरनेटले सघाउने अर्को महत्वपूर्ण साधन नेटवर्क हो । इन्टरने भन्नु नै नेटवर्कहरूको पनि महानेटवर्क हो । यसबाट धेरै रेडियो स्टेसनले आपसमा कार्यक्रम साटासाट गर्न, एकै पटक धेरै स्टेसनबाट प्रसार गर्न र कार्यक्रम उत्पादकले स्टेसनहरूलाई रेडियो कार्यक्रम वितरण गर्न सक्छ । यसो गर्नाले कार्यक्रमको उत्पादन र

वितरणको खर्च घट्छ र कार्यक्रम कम मूल्यमा विक्रीवितरण गर्न सकिन्छ । साथै कार्यक्रमको गुणस्तर पनि घट्दैन । रेडियोले नयाँ प्रविधिको राम्ररी उपयोग गर्ने हो भने उपयोगी सूचना र ज्ञानका लागि इन्टरनेटको पहुँच पर्खिरहनु पर्दैन । आवश्यकताअनुसार उपयोग गर्न सकिने र विकेन्द्रीकरणजस्ता मौलिक गुणहरूले रेडियोलाई आधुनिक सूचनाको युगमा पनि लोकप्रिय र उपयोगी बनाइरहेको छ । भविष्यमा यी दुई प्रविधिको मेलबाट गर्न सकिने कामका संभावनाहरूको कुनै सीमा छैन ।

रेडियो नेपालको मुखपत्र **झंकार**मा २०६५ असोजमा प्रकाशित ।